# आर्थिक वर्ष २०८१/८२ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सम्पादित प्रमुख कार्यक्रमको प्रगती तथा उपलब्धिहरू

**प्रमुख कार्यक्षेत्र तथा उपलब्धिहरु**

१. नीतिगत, कानूनी र कार्यविधिगत क्षेत्रमा भए गरेका प्रमुख कार्य एव उपलब्धिहरू
२. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्षेत्रमा भए गरेका प्रमुख कार्य एव उपलब्धिहरू
३. कृषि विकासका लागि अन्तराष्ट्रिय सहयोग, सहकार्य, तथा समझदारी
४. संस्थागत (संगठन, जनशक्ति) सुधारका कार्यहरू
५. राष्ट्रिय कार्यक्रमहरू संचालन र सम्पादन
६. आ.व.०८२।८३ का लागि प्राथमिकता दिइएका प्रमुख कार्यक्रमहरु

## १. नीतिगत, कानूनी र कार्यविधिगत क्षेत्रमा भए गरेका प्रमुख कार्य एव उपलब्धिहरू

| क्र.स | विषय | प्रगति / उपलब्धी |
|---|---|---|
| १ | नीतिगत | ❖ राष्ट्रिय कृषि नीति २०८२ को अन्तिम मस्यौदा तयार भएको छ र नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्नपूर्व सहमतिका लागि अर्थ मन्त्रालयमा पेश भएको छ।<br>❖ कृषि विकास रणनीतिको मध्यावधि मुल्यांकन भई प्राप्त प्रतिवेदनका आधारमा परिमार्जनको कार्य भइरहेको छ ।<br>❖ कृषि अनुदानग्राहीको सूचि सार्वजनिकीकरण गरिएको छ यसलाई आगामी दिनमा निरन्तरता दिइनेछ। यस्तै अनुदान वितरणको प्रभावकारिता अध्ययन भइरहेको छ। |
| २ | कानूनी | ❖ कृषि विधेयकको अन्तिम मस्यौदाउपर कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट हालैमात्र सहमति प्राप्त भएको छ र सो अनुसार नेपाल सरकार, मन्त्रिपरिषदमा पेश गर्न तयारी भइरहेको छ।<br>❖ नेपाल पशु चिकित्सा परिषद् ऐन २०५५ को संशोधन प्रस्ताव संघीय संसदमा पेश भएको।<br>❖ सङ्क्रामक पशुरोग नियन्त्रण विधेयकको मस्यौदा तयार भई सहमतिका लागि कानून मन्त्रालयमा पठाउने क्रममा रहेको।<br>❖ पशु कल्याण सम्बन्धी व्यवस्थाहरुलाई पशु स्वास्थ्य ऐनमा समावेश गर्ने गरी नँया विधेयकको मस्यौदा तर्जुमा भई सहमतिका लागि कानून मन्त्रालयमा पठाउने क्रममा रहेको।<br>❖ कृषि अनुसन्धान परिषद् ऐन संशोधन प्रस्ताव तर्जुमा भई मन्त्रालयमा पेश भएको ।<br>❖ खाद्य स्वच्छता तथा गुण नियन्त्रण ऐन मिति २०८१ साउन १९ देखि पूर्णरुपमा कार्यान्वयनमा आएको छ र खाद्य स्वच्छता तथा गुण नियन्त्रण नियमावलीको मस्यौदा तयार भएको छ।<br>❖ सार्वजनिक खरिद नियमावलीको १४औं संशोधन मार्फत रासायनिक मलको खरिद सम्बन्धि व्यवस्था पहिलो पटक समावेश गराई रसायनिक मल खरिद प्रक्रियालाइ छोट्टाइएको छ । |

| | | |
|---|---|---|
| | | ❖ बीउ विजन नियमावली, २०८१ स्वीकृत भई मिति २०८१/०७/२९ देखि कार्यान्वयनमा आएको छ। |
| ३ | कार्यविधिगत | ❖ बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ मिति २०८१/०६/१६ गते देखि कार्यान्वयनमा आएको छ।<br>❖ अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७८ को परिमार्जन गरी अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि २०८२ को मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेको छ।<br>❖ आ. ब. २०८१।८२ को स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि २ वटा नियमावली, १ वटा निर्देशिका र १७ वटा कार्यविधिहरु जारी गरिएको छ भने हाल कार्यान्वयनमा नरहेका ३४ वटा पुराना कार्यविधि खारेज गरिएको छ ।<br>❖ मल वितरणलाई व्यवस्थित गर्न फर्टिलाईजर म्यानेजमेन्ट डिस्ट्रिविउसन सिस्टम सफ्टवयर कार्यान्वयनमा ल्याइएको।<br>❖ कृषि तथा पशुपन्छी बीमा डिजिटल प्रणालीमा आधारित हुने गरी कार्यान्वयनमा ल्याइएको छ र २०८२ श्रावण देखि पूर्ण डिजिटलाईज हुने क्रममा रहेको छ। |

## २. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्षेत्रमा भए गरेका प्रमुख कार्य एव उपलब्धिहरू

| क्र.स | विषय | प्रगति।उपलब्धी |
|---|---|---|
| १ | समग्र बजेटको खर्च र प्रगति | ❖ आ.व. ०८१।८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन भई बजेट खर्चको प्रगति पुँजिगत तर्फ ६५% र चालुतर्फ ८५% गरी समग्रमा ८४% प्रगति हासिल भएको छ। आ.व. ०८१।८२ को वित्तिय प्रगति अघिल्लो आ.व. ०८०।८१ को तुलनामा ६.७८% ले बढी हो। |
| २ | रसायनिक मल खरिद र व्यवस्थापन | ❖ ५ लाख ५० हजार मे.टन रसायनिक मल खरिदका लागि बार्षिक बजेट कुल २७ अर्ब ९५ करोड विनियोजन भएकोमा दुग्ध विकास संस्थानलाई ५९ करोड ऋण प्रवाह पश्चात् कायम भएको २७ अर्ब ३६ करोडमध्ये करिब ९८% बजेट खर्च भई ३ लाख ९३ हजार मे.टन. मल देशभित्र आइसकेको छ भने थप १ लाख ११ हजार मे.टन. मल आयात, ढुवानी र भण्डारणको क्रममा रहेको छ।समग्रतामा ५ लाख ०४ हजार मे.टन मल आपूर्ति हुने देखिन्छ। अघिल्लो आ.व. को मौज्दात समेत गरी २०८२ असार मसान्तसम्ममा करिब ४ लाख ४१ हजार मे.टन. मल विक्रि वितरण भइसकेको छ भने करिब ७८ हजार मे.टन. मल हाल मौजदात रहेको छ ।<br>❖ यस सिजनमा बालीनालीको लागि उचित मात्रामा आवश्यक पर्ने मलको अधिकांश परिमाण आपूर्ति भएको छ तर कृषकको उच्चतम माग अनुसार अपेक्षा गरिएको मल आपुर्ति सुनिश्चित गर्ने विषय बजेटको अवस्था, खरिद प्रकृया, अन्तरराष्ट्रिय बजारमा मलको मूल्यमा आउने उतारचढाव, बन्दरगाह र व्यापारिक मार्गमा आइपर्ने समस्या, आपूर्तिकर्ताको ढुवानी, भण्डारण र वितरणको क्षमता, बाली विविधिकरण, बाली सघनता आदिका कारण चुनौतिपूर्ण देखिन्छ।<br>❖ मौज्दात र आयात हुने क्रममा रहेको मलबाट श्रावण-भाद्र महिनामा धान खेतीपातीका लागि आवश्यक हुने मल परिमाणको तथा कृषकको अधिकांश माग संबोधन हुने देखिन्छ ।<br>❖ यस आ.ब. ८२।८३ मा रसायनिक मल आपूर्तिका लागि २८ अर्ब ८२ करोड रकम विनियोजन |

| | | |
|---|---|---|
| | | भएको छ, मल आपूर्ति तथा व्यवस्थापनको कार्ययोजना तयार भइसकेको छ भने सोही अनुसार ३ लाख मे.टन. मल आयातका लागि टेण्डर समेत आह्वान भैसकेको छ।<br>❖ रासायनिक मलको उपलब्धताका बारेमा किसानले सरल र सहज ढंगबाट जानकारी लिन पैसा नलाग्ने (निःशुल्क) ट्रोल फ्री नम्बर १६६००१७७७७९ “किसान कल सेन्टर” सञ्चालनमा ल्याइएको छ। |
| ३ | प्रांगारिक मल प्रवर्दन | ❖ देशभित्रै गोबरमल, जैविक मल, झोल मल, कम्पोष्ट मल, गड्यौला मल, प्रांगारिक मलको उत्पादन, संकलन, प्रशोधन र बिक्रिवितरण कार्यलाइ प्रवर्दन गर्दै रसायनिक मल माथिको अत्यधित परनिर्भरता कम गर्दै जाने र माटोको स्वस्थता र गुणस्तरियता कायम गर्न मन्त्रालय अन्तर्गतका आयोजनाहरुबाट केही कार्यक्रमहरु कार्यान्वयन भएका छन् भने प्राङ्गारिक मल तथा प्राङ्गारिक कृषि उत्पादन प्रवर्द्धनका लागि आ.ब. २०८२/८३ को बजेटमा समावेश गरिएको छ। |
| ४ | दुधको भुक्तानी सम्बन्धमा | ❖ दुग्ध विकास संस्थान र नीजि दुग्ध उद्योगि व्यवसायीहरुबाट अधिकांश दुग्ध कृषकहरुको चैत्र मसान्तसम्मको बाँकी रहेको बक्यौता भुक्तानी भएको छ भने बाँकी रहेको रकम यथासिघ्र भुक्तानीका लागि दुग्ध विकास संस्थान र नीजि डेरीहरुलाई निर्देशन दिइएको छ। दुग्ध विकास संस्थानबाट दिनुपर्ने करिब रू ८८ करोड मुल्य बराबरको भुक्तानी यस आ.व. को पहिलो त्रैमासभित्र भुक्तानी हुने गरी योजना बनाइएको छ।<br>❖ विशेष गरेर कृषकहरुबाट संकलन गरिएको दुध पूर्ण रूपमा बिक्रि तथा निर्यात हुन नसकी पाउडर दुध र नोनीको रूपमा रूपान्तरण गरी दुग्ध उद्योगीले लामो समयदेखि भण्डारण गरि राखेको दुग्ध पदार्थलाइ चीन निर्यात गर्न आवश्यक पूर्व तयारी गर्न पत्राचार गरिएको छ। हाल दुग्ध विकास संस्थानमा करिब १ अर्ब बढी मुल्य बराबरको पाउडर दुध र नोनी भण्डारणमा रहेको छ जसमध्ये आन्तरिक खपत र उपयोगका लागि छोडेर पनि करिब ६० करोड मुल्य बराबरको पाउडर र नोनी बिक्रि गर्न सकिने अवस्थामा छ। यो सहित अन्य प्रशासनिक सुधारबाट समेत गरी कृषकको ८०% रकम भुक्तानी गर्ने गरी योजना गरिएको छ । |
| ५ | उखुको समर्थन मुल्य र प्रोत्साहन अनुदान | ❖ उखु कृषकहरुलाई दिइने प्रोत्साहन अनुदानवापत् आ.व. ०८१।८२ को पहिलो त्रैमासमा रू. १ अर्ब ४४ करोड रकम उपलब्ध (करिब ६५ हजार उखु कृषकलाई) गराइएको छ भने गत वर्ष क्रसिङ्ग भएको उखुको अनुदान रकम उपलब्ध गराउनका लागि नेपाल सरकार, मन्त्रिपरिषद् बाट असारको अन्तिम सातामा निर्णय भए अनुसार चालु आ.व. ०८२।८३ को श्रावण महिनाभित्र उखु कृषकलाई अनुदान उपलब्ध गराउने गरी प्रक्रिया अघि बढाइएको छ। |
| ६ | कृषि उपजको समर्थन मुल्य/खरिद मूल्य सिफारिश /निर्धारण | ❖ आ.व. ०८१।८२ का लागि धान, गँहु र चैते धानको न्युनतम समर्थन मूल्य *(वर्षे धान-मोटा रु.३४१०/- र मध्यम मसिनो रु.३५८०/-, गँहु-३८६७/-, चैते धान-रु. २८००/- प्रति क्विन्टल)* तोक्ने काम सम्पन्न भई कार्यान्वयन समेत भएको छ भने उखुको खरिद मूल्य *(रु. ५८५/- प्रति क्वीन्टल)* *र अनुदान रकम(रु. ३५ प्रति क्विन्टल)* समेत निर्धारण भई कार्यान्वयनमा भएको छ।<br>❖ आ.व.०८२।८३ का लागि वर्षे धानको न्युनतम समर्थन मूल्य तोक्नका लागि उद्योग तथा वाणिज्य मन्त्रालयमा सिफारिश गरिएको छ।<br>❖ न्युनतम समर्थन मूल्य अनुसार कृषकले उत्पादन गरेको कृषि उपज खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट समयमै खरिद गर्नका लागि उद्योग तथा वाणिज्य मन्त्रालयसंग छलफल गरी अनुरोध गरिएको छ। |

| | | |
|---|---|---|
| ७ | बाली तथा पशुधन बीमा | ❖ बाली बीमा प्रिमियममा कृषकलाई दिइने अनुदान बापत रु. १७ करोड ७ लाख र पशुधन बीमा प्रिमियममा दिइने अनुदान बापत हालसम्म रु १ अर्ब ४३ करोड रकम बिमा प्राधिकरण मार्फत भुक्तानी भएको छ।<br>❖ बालीतर्फ १२ हजार र पशुतर्फ २ लाख ११ हजार गरी कुल २ लाख २३ हजार बाली तथा पशुधन बीमालेख जारी भएको छ।<br>❖ बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ स्वीकृत भई २०८१ कार्तिक १ बाट कार्यान्वयनमा आएको छ।<br>❖ उक्त कार्यविधि अनुसार ५० लाखसम्मको बीमाङ्क रकममा ८० प्रतिशत, ५० लाखदेखि १ करोडसम्मको बीमाङ्क रकममा ६५ प्रतिशत र १ करोड भन्दा बढी बीमाङ्क रकममा ५० प्रतिशत बीमा प्रिमियममा अनुदान सम्बन्धि नँया प्रावधान कार्यान्वयन गरिएको।<br>❖ साथै अनलाइन मार्फत बीमा गर्न सकिने गरी बाली तथा पशुधन अनलाइन बीमा प्रणाली कार्यान्वयनमा ल्याइएको। |
| ८ | किसान सूचिकरण कार्यक्रम | ❖ किसान सुचिकरण प्रणालीमा हालसम्म करिब २३ लाख ७० हजार किसान परिवार सूचिकृत भएका छन्। ६० वटा स्थानीय तहमा किसान सुचिकरणको कार्य सम्पन्न भएको भने ५८ वटा स्थानीय तहमा किसान सुचिकरणको कार्य सम्पन्न हुने अन्तिम चरणमा रहेको छ। किसान सुचिकरण सम्पन्न भएका स्थानीय तहहरुमध्ये ७ लाख ६० हजार किसानको विवरण पूर्ण रुपमा प्रमाणीकरण भई किसान परिचयपत्र वितरणका लागि आवश्यक गृहकार्य भइरहेको छ। |
| ९ | खाद्य पदार्थ अनुगमन तथा नियन्त्रण | ❖ खाद्यजन्य पदार्थको स्थलगत परिक्षण तथा अनुगमन कार्यको पुन:सुचारु भएको छ। मन्त्रालय मातहतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट वि.सं. २०७५ सालमा खरिद भई प्रयोगमा आउन नसकेका प्रयोगशाला सहितको मोबाइल भ्यानहरुलाई सञ्चालनमा ल्याई खाद्यजन्य पदार्थको स्थलगत परिक्षण तथा अनुगमन कार्यको थालनी गरिएको छ।<br>❖ निर्यातजन्य विभिन्न ९ वटा खाद्यवस्तुको खाद्य विभागको राष्ट्रिय प्रयोगशालाबाट परिक्षणलाई भारतमा समेत मान्यता प्राप्त हुने गरी व्यवस्था मिलाइएको।<br>❖ नेपालमा मह तथा दुग्ध पदार्थको आयात नियमन र नियन्त्रण गरी स्वदेशी उत्पादनको सुनिश्चितता गर्ने कार्य भएको छ।<br>❖ आ.व. ०८१।८२ मा ताजा तरकारी तथा फलफूलका ६५ हजार नमूनामा विषादी अवशेषको परिक्षण गरिएको छ र प्रतिकूल मात्रामा विषादी रहेका ताजा तरकारी तथा फलफूललाई क्वारेन्टाइनमा राखिएको वा नष्ट गरिएको छ। |
| १० | पशुपंछी विकास तथा प्रवर्द्धन | ❖ चालु आर्थिक बर्षमा ६ लाख ६३ हजार ७ सय गाई/भैसी र बाख्रामा कृत्रिम गर्भाधान सेवा पुर्‍याईएको छ।<br>❖ व्यवसायीक मत्स्य पालनका लागि ३ करोड ६० लाख १ हजार माछाको भूरा उत्पादन भई विक्री वितरण भएको छ । |
| ११ | पशुपन्छी रोग नियन्त्रण | ❖ पशु रोग नियन्त्रणका लागि आ.व. ०८१।८२ मा ४ करोड ३५ लाख डोज खोप उत्पादन तथा वितरण गरिएको छ।<br>❖ LIMS (ल्याबरेटोरी ईन्फ्रमेसन म्यानेजमेन्ट सिस्टम) यहि आ.व. २०८१/८२ मंसिर १ गतेदेखि |

| | | |
|---|---|---|
| | | केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला र पाँच वटा पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा सुचारू भईसकेको। |
| १२ | कृषि अनुसन्धानतर्फ | ❖ नेपालमा विकास भएका विभिन बालीहरुका जातहरु धान १, स्याउ ३, एभोकाडो ३, मेकाडेमिया नट १, भण्टा १, स्थानीय स्याउ ३ र रैथाने जातहरु ८ वटा (धान-४, रायो-२, काँक्रो-१, अकबरे खुर्सानी-१) गरी २० वटा जातहरु सूचित (सुचिकृत १) /पञ्जीकृत (१९ वटा) तथा पञ्जीकरण भएका छन् । |

## ३. कृषि विकासका लागि अन्तराष्ट्रिय सहयोग, सहकार्य, तथा समझदारी

| क्र.स | विषय | प्रगति। उपलब्धी |
|---|---|---|
| १ | समझदारी | • भारत सरकारसँग कृषि क्षेत्रमा आवश्यक समन्वय तथा सहकार्य गर्न भारतका कृषि मन्त्री र नेपालका कृषि मन्त्रीबीच अप्रिल ९, २०२५ मा समझदारी-पत्रमा हस्ताक्षर भएको।<br>• ICIMOD र कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच नेपालको कृषि क्षेत्रको तथ्याकं संकलन तथा व्यवस्थापन कार्यमा सहकार्य गर्न समझदारी पत्रमा हस्ताक्षर भएको।<br>• चिनमा दुग्ध र मासु पदार्थ निर्यातका लागि भन्सार सहजीकरण सम्बन्धी कार्य सम्पन्न गरिएको।<br>• कृषि तथा कृषि-वनका क्षेत्रमा अनुसन्धान तथा प्रविधि हस्तान्तरण गर्न CGIAR संस्था CIFOR/ ICRAF सँग सम्झदारीपत्रमा हस्ताक्षर भएको।<br>• NARC र गणतन्त्र कोरियाको Rural development administration सँग समझदारी भई नेपालमा KOPIA Center समेत स्थापना भएको। |
| २ | अन्तराष्ट्रिय कार्यकम सम्पन्न | ❖ काठमाडौमा बिमस्टेक (BIMSTEC) राष्ट्रहरुका कृषि मन्त्रीस्तरीय बैठक आयोजना गरी कृषि क्षेत्रमा समन्वय र सहकार्यलाई थप सुदृढ गर्न पहल गरिएको।<br>❖ "जलवायु परिवर्तन र खाद्य प्रणाली रुपान्तरणको सन्दर्भमा पर्वतीय कृषि प्रविधि "विषयक BIMSTEC उच्च पदाधिकारी सम्मिलित कार्यशाला गोष्ठी सम्पन्न भएको। |

## ४. संस्थागत (संगठन, जनशक्ति, समन्वय) सुधार

| क्र.स. | विषय | प्रगति। उपलब्धी |
|---|---|---|
| १ | संस्थागत सुधार तथा जनशक्ति व्यवस्थापन | ❖ वि.सं.२०७५ सालदेखि बल्झिरहेको नेपाल कृषि सेवातर्फका कर्मचारीहरुको समायोजन तथा पददर्ता सम्बन्धी समस्या समाधानका लागि संगठन संरचना र जनशक्ति व्यवस्थापनमा सुधार गरि संगठन तथा कर्मचारी व्यवस्थापन गरिएको।<br>❖ कृषि अनुसन्धान परिषद्(नार्क) मा कार्यरत वैज्ञानिकहरूको वैज्ञानिक समूह अन्तर्गतका सम्पूर्ण पद/तहको समकक्षता र तलबमान कायम गर्ने विषय टुङ्गिएको।<br>❖ उच्च मूल्य कृषिवस्तु उत्थानशिल कार्यक्रम (RHVAP) लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका ८१ वटा स्थानीय तहमा संचालन हुने गरी कार्यान्वयनमा आएको। |

| | | |
|---|---|---|
| | | ❖ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको दोस्रो चरणको कार्यक्रम कार्यान्वयनका लागि आवश्यक तयारी गर्न सहसचिवको नेतृत्वमा कार्यदल गठन गरी प्रकृया अगाडि बढाइएको।<br>❖ प्रभावकारी कार्य सम्पादनका लागि मन्त्रालय मातहतका सबै निकाय र आयोजनामा प्रमुखहरुको व्यवस्थापन गरिएको। |
| २ | संगठन व्यवस्थापन | ❖ नयाँ २ वटा अन्तराष्ट्रिय विमानस्थालहरुमा क्वारेन्टाइन कार्यालय स्थापना गरिएको।<br>❖ नेपाल कृषि अनुसन्धान परिषद्को पुनःसंरचना गर्न प्रा. डा. गोविन्द राज पोखरेल ज्यूको अध्यक्षतामा उच्चस्तरीय कार्यदल गठन गरी काम अघि बढाइएको छ।<br>❖ नेपाल कृषि अनुसन्धान परिषद् र राष्ट्रिय चिया तथा कफी विकास बोर्डमा कार्यकारी निर्देशक र र पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्मा अध्यक्ष र रजिष्ट्रार नियुक्ति गरिएको छ।<br>❖ बाराको मटिहरवास्थित क्वारेन्टाइन चेकपोष्ट स्थापना गरिएको। |
| ३ | समन्वय तथा सहजीकरण | ❖ आ.व. ०८१।८२ मा ३ पटक विषयगत समितिको बैठक सम्पन्न भई संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय तथा अन्तरसम्बन्धलाई सबल र सुदृढीकरण गर्ने प्रयास भएको। सो समितिबाट आ.व. २०८२/८३ को लागि कृषि क्षेत्रका प्राथमिकताका क्षेत्रहरु निर्धारण गरी बजेट तथा कार्यक्रम तय गरिएको।<br>❖ मन्त्रालयबाट संचालन हुने आयोजनाहरुलाई प्रादेशिक कृषि क्षेत्र हेर्ने मन्त्रालयहरुको संलग्नतामा कार्यान्वयन गरिएको।<br>❖ नेपालबाट निर्यात हुने प्रमुख पशुजन्य पदार्थ (मासु, दुध, छुर्पी, घिऊ) को अन्तराष्ट्रिय बजारीकरणका लागि जोनिङ्ग तथा कम्पार्टमेन्टलाईजेसन गरी खोरेत रोग मुक्त क्षेत्र घोषणा गर्न संघ, प्रदेश र स्थानीय तहको संयुक्त पहलमा ईलाम, सिन्धुली र मकवानपुर जिल्लामा जोन क्षेत्र निर्धारण गरिएको।<br>❖ डिजिटल नेपाल फ्रेमवर्कको अवधारणामा आधारित संघ, प्रदेश र स्थानीय तहको समन्वयमा संचालन हुने बीउ बिजनसँग सम्बन्धित सेवा विद्युतीय माध्यमबाट उपलब्ध गराउन डिजिटल्ली ईनेबल्ड सिड ईन्फर्मेसन सिस्टम (DESIS 2.0) को सुभारम्भ गरिएको । यसबाट बीउ प्रमाणीकरण, आयात निर्यात, जात दर्ता, बीउ बिजनसँग सम्बन्धित अनुमतिपत्र नवीकरण लगायतका काम छिटो, छरितो र लागत प्रभावकारी हुने भएको छ ।<br>❖ LIMS (ल्यावरेटोरी ईन्फ्रमेसन म्यानेजमेन्ट सिस्टम) यहि आ.व. २०८१/८२ मंसिर १ गतेदेखि केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला र पाँच वटा पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा सुचारू भएको र सो अनुसार देशभर पशुपन्छीमा देखिने रोग तथा महामारीको विवरण अद्यावधिक तथा सो अनुसार रोग नियन्त्रणको कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न सहयोग पुग्ने । |

## ५. राष्ट्रिय कार्यक्रमहरू स्थापना, संचालन र सम्पादन

| क.स | विषय | प्रगति। उपलब्धी |
|---|---|---|

| | | |
|---|---|---|
| १ | राष्ट्रिय कार्यक्रमहरू | ❖ पहिलो पटक हिमाली तथा उच्च पहाडी क्षेत्रका किसान तथा सरोकारवालाहरुको सहयोगमा बैशाख ७ गतेलाई राष्ट्रिय याक दिवसका रुपमा मनाइएको छ।<br>❖ पहिलो पटक रैथाने बालीको संरक्षण तथा प्रवर्धनका लागि श्रावण १६ गतेलाइ राष्ट्रिय कोदोबाली दिवशको रूपमा पहिचान स्थापित गरिएको छ ।<br>❖ ७ प्रदेशका १४ जना उत्कृष्ठ किसानलाई राष्ट्रिय उत्कृष्ठ किसान पुरस्कारबाट सम्मानित |
| २ | कृषि विकास तथा प्रवर्द्धन/ | ❖ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत जोन सुपरजोन क्षेत्रमा ३५६६ साना सिंचाइ निर्माण सम्पन्न भै थप ६०३७ हें मा सिंचित क्षेत्रफल बिस्तार भई बाली उत्पादनमा सहयोग पुगेको।<br>❖ थप ५९८९ हे क्षेत्रमा चैतेधान खेती विस्तार भई २३९५६ मे.टन. धानको थप उत्पादन भएको।<br>❖ खाद्यान्न बालीको ३०३२, तरकारी बालीको ३१८ तथा फलफूल बालीको ७३२ हे. क्षेत्र विस्तार भइ थप उत्पादन राष्ट्रिय उत्पादनमा प्राप्त भएको।<br>❖ क्रप पुलिङ्ग विधि मार्फत चक्लाबन्दी खेती कार्यक्रम सञ्चालन गरी ८४० हे. मा विभिन्न बालीको एकल खेतीमा सहजीकरण गरी विभिन्न बालीको बजारयोग्य परिमाणमा उत्पादन गरिएको तथा फलफूलको बगैंचा स्थापना गरिएको।<br>❖ ५ वटा विश्वविद्यालय/कलेज का ५८५ जना विद्यार्थीहरुलाई कृषि इन्टर्नको रुपमा परिचालन गरिएको।<br>❖ ६६८ वटा सुधारिएको गाई गोठ तथा बाख्रा खोर निर्माण सम्पन्न भई उन्नत गाई भैसी पालन तथा बाख्रा पालन व्यवसाय शुरुवात गरिएको।<br>❖ खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबाट पुरक अनुदान कार्यक्रम (२७५ वटा) र साना अनुदान कार्यक्रम (१५० वटा) गरी जम्मा ४२५ वटा अनुदान कार्यक्रम अन्तर्गत विभिन्न कृषि बालि /पशुपन्छीको कार्यक्रम कार्यान्वयन भएको।८ वटा बोयर बाख्राको मल्टिप्लायर हर्ड स्थापना भएको।<br>❖ ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनामार्फत उत्पादनमूलक साझेदारी मार्फत कृषकहरुको बजार आवद्धता सुनिश्चित गर्ने स्टार्टअप अनुदान सहयोग कार्यक्रममा १८७ उपआयोजनालाई सहयोग गरिएको।<br>❖ ३२ वटा एकीकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण गरी स्थानीय तहहरुलाई हस्तान्तरण गरिएको छ भने थप १९ वटा सेवा केन्द्रहरु निर्माण सम्पन्न भै हस्तान्तरणको प्रक्रियामा रहेको छ। |

## ६. कृषि क्षेत्रको विकासका लागि चालु आ.व. ०८२।८३ मा प्राथमिकता दिई बजेट विनियोजन भएका महत्वपुर्ण कार्यक्रमहरु

- रसायनिक मलको आपूर्ति तथा वितरण व्यवस्थापन।
- कृषि, पशुपन्छी र मत्स्य बीमा कार्यक्रम।

- चैते धान प्रवर्द्धन कार्यक्रम।
- साना सिंचाई मार्फत सिंचित क्षेत्र विस्तार कार्यक्रम।
- मध्य पहाडी लगायत प्रमुख राजमार्ग र रोड कोरिडोर लक्षित राष्टिय फल सुन्तला, व्यवसायिक फलफूल, तरकारी र भेडा/बाख्रा र गाई/भैंसी प्रवर्द्धन कार्यक्रम।
- उच्च पहाड लक्षित सुन्तला, स्याउ, ओखर, याक, चौंरी प्रवर्द्धन कार्यक्रम।
- हिउँदे मकै/मध्य पहाडी मकै उत्पादन र मकै बीउ उत्पादन कार्यक्रम।
- रैथाने बाली प्रवर्द्धन कार्यक्रम र कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रम।
- राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना-PMAMP) मार्फत जोन/सुपरजोन क्षेत्रमा क्षेत्रफल विस्तार र उत्पादन वृद्धि कार्यक्रम।
- प्रांगारिक कृषि प्रवर्द्धन  र माटो स्वास्थ्य सुधार अभियान कार्यक्रम।
- कृषि उद्यमशिलता कार्यक्रम (PMAMP)
- मासु निर्यातका लागि पाडा/पाडीपालन र भैंसी/राँगा उत्पादन प्रवर्द्धन कार्यक्रम।
- महामारीजन्य पशु रोग र खोरेत रोग नियन्त्रण कार्यक्रम।
- पशुनश्ल सुधार कार्यक्रम।
- किसान सुचिकरण कार्यक्रम।
- स्थानीय तहमा प्राविधिक जनशक्ति व्यवस्थापन (कृषि स्नातक/भेटेनरी डाक्टर/एक गाँउ एक प्राविधिक)
- विषादी चेकजाँच दायरा विस्तार र विषादी प्रयोग सम्बन्धी सचेतना कार्यक्रम।
- बुटवलस्थित सेमलारमा क्षेत्रीयस्तरको आधुनिक कृषि बजार निर्माण कार्यक्रम।
- न्युनतम समर्थन मूल्य निर्धारण र कार्यान्वयन।
- निर्यातजन्य बाली/वस्तुहरु जस्तै: चिया, कफी, अलैंची, छुर्पी, आदिको उत्पादन वृद्धि, प्रांगारिक प्रमाणीकरण र निर्यात सहजीकरण कार्यक्रम।
- कृषि, पशुपन्छी र खाद्य प्रयोगशालाको स्तरोन्नति कार्यक्रम।
- बाँझो जमिन सदुपयोग कार्यक्रम।
- बाँदर लगायतका कृषि हानिकारक वन्यजन्तु नियन्त्रणका लागि पाइलट कार्यक्रम।